पाठ १९

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**आराधना** (२० मिनेट)	**[परमेश्वरको विशेषता]** **परमेश्वर नैतिकरूपमा सिद्ध हुनुहुन्छ**

मनन गर्नुहोस्।
'परमेश्वर नैतिकरूपमा हुनुहुन्छ' भन्नेबारेको शिक्षा पढ्नुहोस् अथवा त्यसलाई सिकाउनुहोस्।
व्यवस्था १०:१७-१८: १६:१८-१९; भजनसङ्ग्रह ३४:१५-१६; यशैया ५:८,११-१२,१८,२०-२३ पढ्नुहोस्।

१. परमेश्वर निष्पक्ष हुनुहुन्छ

परमेश्वरले धनी र शक्तिशालीप्रति समर्थन जनाउनुहुन्न अनि उहाँले गरिबप्रति पक्षपात गर्नुहुन्न (लेवी १९:१५)। उहाँले कुनै पनि जातिका मानिसहरूलाई भेदभाव गर्नुहुन्न तर उहाँ हरेक जाति, हरेक सँस्कृति र हरेक सामाजिक अवस्थाका मानिसहरूप्रति साझेदार भई समानरूपमा सहकार्य गर्नुहुन्छ (प्रेरित १०:२८,३४-३५)।

२. परमेश्वरले घुस लिनुहुन्न

मूर्ति अथवा मानिसले बनाएको देवी-देवताहरूलाई पुज्ने मानिसहरूहरू अन्तिममा तिनीहरूका देवी-देवताहरूजस्तै हुनेछन् भनी भजनसङ्ग्रह ११५ ले चेताउनी दिन्छ। तिनीहरूका मूर्तिहरू भ्रष्ट छन् किनभने तिनीहरूप्रति झुकाउ राख्ने र समर्थन गर्नेहरूले मानिसहरूलाई घुस दिएर किन्न सकिन्छ भनी ठान्छन्। मूर्तिपुजकहरू र आफ्नै निम्ति 'देवी-देवता' आविष्कार गर्नेहरू पनि भ्रष्ट हुन्छन् किनभने तिनीहरूले घुस दिएर मानिसहरूको समर्थन र झुकाउलाई किन्छन्। परमेश्वरलाई कहिले पनि घुस दिएर किन्न सकिँदैन्! कुनै व्यक्तिले धार्मिक सङ्घ-संस्थामा पैसा दिएर अथवा हेरक दिन विशेष किसिमको धार्मिक विधिविधानहरू गरेर परमेश्वरको समर्थन प्राप्त गर्न सक्दैन। कसैले पनि असल कामहरू गरेर अथवा अरू कुनै उपायद्वारा आफूले चाहेजस्तो गराउन जीवित परमेश्वरलाई प्राप्त गर्न सक्दैन। जीवित परमेश्वरले कुनै पनि हालतमा घुस स्वीकार गर्नुहुन्न! मानिसले आफ्नो चलाकीद्वारा जीवित परमेश्वरलाई छल गर्न सक्दैन! जीवित परमेश्वरले मानिसको सर्तअनुसार होइन गर स्वयम् उहाँको सर्तअनुसार सम्बन्ध राख्नुहुन्छ!

३. परमेश्वरले कमजोरलाई सुरक्षा गर्नुहुन्छ

संसारका धेरै मानिसहरूले यस्ता कुराहरूमा विश्वास गर्छन्- 'जो उत्कृष्ठ छ, त्यही जीवित रहन्छ' (the survival of the fittest) अथवा 'शक्ति भएकोले गरेको काम सही ठहरिन्छ' (might makes right) अथवा 'हरेक व्यक्ति आफ्नै लागि बाँच्छ' (every one for himself) आदि। तिनीहरूले आफ्ना वरिपरि बस्ने अनाथ बाल-बालिकाहरू, विधवाहरू, बुढा-बुढीहरू, एकल महिलाहरू र परदेशीहरूलाई शोषण र अत्याचार गर्ने गर्छन्। अहिलेको आधुनिक संसारमा बाल-मजदूर, बाल-दासत्व र बाल-सैनिकजस्ता विकृतिहरू बढ्दै गइरहेको देखिन्छ। धनी मानिसहरूले गरिबहरूको हानि गरेर धनी भइरहेका छन् भने गरिबहरूचाहिँ दिन प्रतिदिन झन्-झन् गरिब हुँदैछन्। भोकमरी र कुपोषणको कारणले गर्दा प्रत्येक वर्ष करिब ९०,००,००० मानिसहरू मर्ने गर्छन् (त्यसको मतलब प्रत्येक दिन लगभग २४,००० मानिसहरू मरिरहेका छन्)! तिनीहरूका आफ्नै सन्तान र आफ्नै राष्ट्रले विधवा र बुढा-बुढीहरूलाई बिर्सिरहेका छन्। त्यसैगरी परदेशीहरू र सानो समूहका मानिसहरूले धेरै सतावट भोगिरहेका छन्!

संसारको हरेक राष्ट्रका मानिसहरूले गर्ने यस्ता अनैतिक व्यवहारको विपरीत, जीवित परमेश्वरले गरिबहरूको सुरक्षा गर्नुहुन्छ। धनी, अत्याचारी र शोषकहरूको तुलनामा जीवित परमेश्वरले गरिब, अत्याचारमा परेका र शोषणमा परेकाहरूको माझमा काम गर्नुहुन्छ। जसको यो पृथ्वीमा पिता छैन, तिनीहरूका लागि उहाँ स्वर्गीय पिता बन्नुहुन्छ। जसको यस पृथ्वीमा

सुरक्षा दिने लोग्ने छैन, तिनीहरूका लागि उहाँ सुरक्षाकर्ता हुनुहुन्छ। परदेशीहरूको रक्षा गर्ने पनि उहाँ नै हुनुहुन्छ। एक्लोहरूका लागि उहाँ मित्र भइदिनुहुन्छ। जसलाई अँगालोको खाँचो छ, तिनीहरूलाई उहाँले आफ्नो अँगालोमा बाँध्नुहुन्छ (होशे ११:१-४ सँग तुलना गर्नुहोस्)। विशेषगरी मानिसको खानेकुरा, लगाउने लुगा र टाउकोमाथि छाना होस् भन्ने कुरामा जीवित परमेश्वरले वास्ता गर्नुहुन्छ। उहाँको गोडा भएर अत्याचार र शोषणमा परेकाहरूकहाँ जान; उहाँका हातहरू भएर गरिबहरूलाई दिन; र उहाँको मुख भएर दीन:दु:खीलाई सान्त्वना र उत्साहको शब्दहरू बोल्न परमेश्वरले संसारभरिका इसाईहरू प्रयोग गर्नुहुन्छ। अन्तिम न्यायको दिनमा जीवित परमेश्वरले पृथ्वीमा जिएका सबै अत्याचारीहरू, शिषकहरू र अन्यायीहरूलाई दण्ड दिनुहुनेछ।

४. परमेश्वरको निश्चित मूल्य-मान्यताहरू

परमेश्वरसँग नैतिक र आत्मिक व्यवस्थाका मूल्य-मान्यताहरू छन्। परमेश्वर खराब, दुष्ट, अन्यायी, अपवित्र र भक्तिहीनजस्ता कुराहरूबाट पूर्णरूपमा अलग रहनुहुन्छ। तर जे कुरा सही, असल, न्यायपूर्ण, पवित्र र भक्तिपूर्ण छ, त्यसप्रति उहाँ पूर्णरूपमा समर्पित हुनुहुन्छ। परमेश्वरको मूल्य-मान्यता कहिले पनि सापेक्षवादी हुँदैन, जसको अर्थ त्यो कहिले पनि परिस्थितिहरूसँग भरपर्ने हुँदैन अथवा मानव युगसँगै परिवर्तन हुँदैन। परमेश्वरको नैतिक र आत्मिक मान्यताहरू सधैँ उस्तै अनि पूर्ण र पक्कारूपमा रहिरहन्छन्! बाइबलमा भएका परमेश्वरको सबै वचनहरूको अभिप्राय वचनले बताएको जस्तै हुन्छ! मानव इतिहासका सबै मानिसहरूले उहाँलाई जानोस् र उहाँको इच्छालाई बुझोस् भनी परमेश्वर चाहनुहुन्छ। परमेश्वरको मूल्य-मान्यताहरूको व्यवस्था उहाँको आज्ञाहरू र उहाँको निषेधहरूद्वारा अभिव्यक्त गरिएका छन्। परमेश्वरको आज्ञाहरू र निषेधहरू यो संसारको इतिहासभरिका हरेक सँस्कृतिमा समानरूपमा लागू हुन्छ। त्यसकारण, परमेश्वरको मान्यताहरूको व्यवस्था हरेक युगमा जे कुरा सही छ, जे असल छ र जे साँचो छ, त्यसमा पक्का गरी अडिएको छ। जजसले परमेश्वरको मूल्य-मान्यताहरूलाई, परमेश्वरको आज्ञाहरूलाई र निषेधहरूलाई उलङ्घन गर्छ, तिनीहरूले वर्तमान समयमा कहिले पनि शान्तिको अनुभव गर्दैनन् र त्यति मात्र होइन, भविष्यमा तिनीहरूले परमेश्वरबाट दण्ड पनि पाउनेछन्। परमेश्वर दुष्टको विरुद्धमा र धर्मीको पक्षमा हुनुहुन्छ (भजनसङ्ग्रह ३४:१५-१६)। त्यसकारण, जजसले परमेश्वरको मूल्य--मान्यताको व्यवस्थाप्रति समर्पित भएर उहाँको आज्ञाहरू र निषेधहरू पालना गर्छ, तिनीहरूसँग असल विवेक हुनेछ, तिनीहरूले शान्ति अनुभव गर्नेछ र ठूलो सुरक्षा पाएर बाँच्नेछ। त्यसको साथै परमेश्वरले तिनीहरूका बारेमा के विचार गर्नुहुन्छ अनि उहाँले तिनीहरूलाई कसरी व्यवहार गरेको चाहनुहुन्छ भन्ने कुराहरू तिनीहरूले जान्दछन्।

आराधना गर्नुहोस्
परमेश्वर नैतिकरूपमा सिद्ध हुनुभएकोले गर्दा, उहाँको यो विशेषताको निम्ति आराधना गर्नुहोस्! तीन-तीन जनाको सानो समूहमा आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**शान्त समय** **प्रेरित १५:१-१८:१७**

तोकिएको बाइबल खण्ड (प्रेरित १५:१-१८:१७) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**[प्रभुत्व]** **इसाई प्राथमिकताहरू**

क. जीवनको पाँच अति महत्वपूर्ण क्षेत्रहरू

१. प्राथमिकता भनेको के हो?

प्रार्थमिकता भनेको जीवनमा हुने अभिरुचि अथवा यस्तो क्षेत्र हो, जुन कुनै समय, व्यवस्था अथवा महत्वमा अरू अभिरुचिहरू वा क्षेत्रहरूभन्दा पहिलो स्थानमा आउँछ।

२. जीवनको अति महत्वपूर्ण पाँच क्षेत्रहरू

तपाईंको जीवनको अति महत्वपूर्ण पाँच क्षेत्रहरू यी हुन्: परमेश्वरसँग तपाईंको सम्बन्ध, तपाईंको काम (जागिर, व्यवसाय, पेशा), तपाईंको परिवार, परमेश्वरको निम्ति तपाईंको सेवकाइ (सेवा) र तपाईंको व्यक्तिगत विकास। तपाईंले यीमध्ये एउटा क्षेत्रमा मात्र आफ्नो सबै समय र शक्ति खर्च गरेको परमेश्वर चाहनुहुन्न। उहाँको नजरमा अरू क्षेत्रहरू पनि महत्वपूर्ण छन्; त्यसैले ती क्षेत्रहरूलाई पनि तपाईंले उचित समय, ध्यान र शक्ति खर्च गर्नुपर्छ! यी पाँच क्षेत्रहरूमध्ये प्रत्येकले अरू चार क्षेत्रहरूमा पनि सम्बन्धित भएर काम गर्छ। यी क्षेत्रहरूमध्ये कुनै पनि दुई क्षेत्रहरूको सम्बन्धमा प्राथमिकताहरू हुन्छन् भनी बाइबलले सिकाउँछ।

३. के प्राथमिकताहरूको निश्चित ढाँचा हुन्छ?

धेरै इसाईहरूले प्राथमिकताहरूको निश्चित ढाँचाको अस्तित्व हुन्छ भनी विश्वास गर्छन् तर ती प्राथमिकताहरू क्रमअनुसार एक-अर्कासँग फरक हुन्छन्। केही इसाईहरूले यसरी विश्वास गर्छन्: पहिलो परमेश्वर, दोस्रो परिवार, तेस्रो सेवकाइ, चौथो काम र पाँचौँ व्यक्तिगत विकास। यस्ता इसाईहरूले यो संसारमा आफ्ना परिवारलाई परमेश्वरको सेवकाइभन्दा सधैँ माथि राख्ने गर्छन्। अरू इसाईहरूले चाहिँ यसरी विश्वास गर्छन्: पहिलो परमेश्वर, दोस्रो सेवकाइ, तेस्रो काम, चौथो परिवार अनि पाँचौँ व्यक्तिगत विकास। यस्ता इसाईहरूले परमेश्वरको सेवकाइ अथवा आफ्नो कामलाई सधैँ अरू सबै गतिविधिहरूभन्दा माथि राख्ने गर्छन्।

४. परमेश्वर मात्र निश्चित प्राथमिकतामा पर्नुहुन्छ

परमेश्वरले मात्र सबैभन्दा माथिल्लो स्तरको निश्चित प्राथमिकता पाउनुपर्छ भनी बाइबलले सिकाउँछ। तपाईंको जीवनको विशेष अवस्थामा कुन क्षेत्रले मुख्य प्राथमिकता पाउनुपर्छ भनी स्वयम् परमेश्वरले नै निर्धारण गर्नुहुन्छ। केही अवस्थाहरूमा सेवकाइभन्दा परिवार बढी महत्वपूर्ण हुन्छ भनी परमेश्वरले निर्धारण गर्नुहुन्छ। त्यसैगरी अरू केही अवस्थाहरूमा चाहिँ परिवारभन्दा सेवकाइ बढी महत्वपूर्ण हुन्छ भनी उहाँले निर्धारण गर्नुहुन्छ।

ख. जीवनमा हुने अति महत्वपूर्ण पाँच क्षेत्रहरूबीचको सम्बन्ध

कुनै निश्चित क्षेत्रमा हरेक कुराको महत्व बराबर हुँदैन। ती पाँच अति महत्वपूर्ण क्षेत्रहरूमध्ये प्रत्येकमा सीमाहरू हुन्छन्। अनि प्रत्येक क्षेत्रमा यस्ता केही कुराहरू हुन्छन्, जसले प्राथमिकता पाउनैपर्छ। यो कुरा अलि जटिलजस्तो देखिन्छ, तर त्यो जटिल छैन किनभने एक मात्र साँचो प्राथमिकता भनेको स्ययम् परमेश्वर हुनुहुन्छ। ती प्राथमिकतामा पर्ने क्षेत्रहरूबीचको सम्बन्धबारे बाइबलले यसरी सिकाउँछ।

१. तपाईंको काम व्यवसायको महत्वको बारेमा परमेश्वरले के भन्नुहुन्छ?

तपाईंको काम-व्यवसायमा के कुरा महत्वपूर्ण हुन्छ?

२ थेसलोनिके ३:१० : - तपाईंले आफ्नो परिवारको भरण-पोषण गर्न काम गर्नैपर्छ।

१ तिमोथी ६:७-८ : - खानेकुरा र लगाउने लुगाजस्ता जीवनको वास्तविक आवश्यक्ताहरू कमाउनुभएको छ भने त्यसमा तपाईं सन्तुष्ट हुनैपर्छ।

तपाईंको कामको निम्ति परमेश्वरले कुन-कुन सीमाहरू तोक्नुभएको छ?
मर्कूस ८:३६ : - आफ्नो काम र व्यवसायको निम्ति तपाईंले सम्पूर्ण जीवन खर्च गरेर आफ्नो प्राणचाहिँ नगुमाउनुहोस्!
हितोपदेश २३:४-५ : - धनी हुनको निम्ति आफूलाई नघोट्नुहोस्। काम गर्नको निम्ति कति समय र शक्ति खर्च गर्ने भनी निर्धारण गर्न बुद्धि प्राप्त गर्नुहोस्। आफ्नो जीवनको अरू महत्वपूर्ण क्षेत्रहरूको लागि पनि केही समय र शक्ति सञ्चय गर्नुहोस् ताकि जीवनको अन्य महत्वपूर्ण क्षेत्रहरूले क्षति भोग्नु नपरोस्।

परमेश्वरसँगको तपाईंको व्यक्तिगत सम्बन्धले तपाईंको काम-व्यवसायसँग कसरी सम्बन्ध राख्छ?
लूका १०:३८-४२ : - शान्त समय छुट्ट्याउनुहोस् - तपाईंले आफ्नो काम सुरु गर्नुभन्दा पहिले येशू ख्रीष्टसँग व्यक्तिगत सङ्गति गर्न समय मिलाउनुहोस्।
प्रस्थान २३:१२; लेवी २३:३; मर्कूस ३:४ : - विश्राम दिन मान्नुहोस् - ताजा हुनको लागि, अरू विश्वासीहरूसँग रहेर परमेश्वरलाई भेट्न, असल कामहरू गर्न र जीवन बचाउन आफ्नो कामबाट हरेक सात दिनमा एक दिन विश्राम लिनुहोस्।
भजनसङ्ग्रह १२७:१-२ : - भर पर्नुहोस् - आफ्नो कामको लागि बुद्धि, बल, प्रभाव र परिणामहरू प्राप्त गर्न परमेश्वरमा भर पर्नुहोस्।
हितोपदेश १६:३; कलस्सी ३:२३ : - सही उद्देश्य राख्नुहोस् - मानिसको लागि होइन तर प्रभुको लागि हो भनेर सबै काम गर्नुहोस्। तपाईं कहिल्यै असफल हुनुहुन्न।
प्रेरित ५:२९ : - सही कुरालाई प्राथमिकता दिनुहोस्। तपाईंको मालिक हुन खोज्ने दुष्टलाई विरोध गर्नु परे तापनि तपाईंले आफ्नो काममा परमेश्वरप्रति उच्च वफादारी देखाउनुहोस्।

तपाईंको सेवकाइले तपाईंको कामसँग कसरी सम्बन्ध राख्छ?
कलस्सी ३:२२-४:१ : - आदरयोग्य काम गर्नुहोस् र अधिकारलाई सम्मान गर्नुहोस्।
१ तिमोथी ३:७ : - तपाईंको कामलाई उत्कृष्ठ तुल्याउनुहोस् र तपाईं काम गर्ने ठाउँको मानिसहरूबाट असल प्रतिष्ठा प्राप्त गर्नुहोस्।
मत्ती ६:३१-३३ : - आफू काम गर्ने ठाउँमा तपाईंको कामद्वारा परमेश्वरको राज्य र उहाँको धार्मिकतालाई फैलाउनुहोस्।

२. परमेश्वरले तपाईंको परिवारमा के कुरा महत्वपूर्ण छ भन्नुहुन्छ?

तपाईंको परिवारमा के महत्वपूर्ण छ?
कलस्सी ३:१८-२१ (एफिसी ५:२२-६:४) : - सम्बन्धको नियमहरू - हरेक परिवारको लागि परमेश्वरले दिनुभएको नियमहरू पलाना गर्नुहोस्।

परमेश्वरसँगको तपाईंको व्यक्तिगत सम्बन्धले तपाईंको परिवारसँग कसरी सम्बन्ध राख्छ?
मत्ती १०:३७ : - प्राथमिकता - तपाईंको परिवारमा अति प्रिय सदस्यहरूभन्दा माथि परमेश्वरलाई अति उच्च स्थान र वफादारी दिनुहोस्।

तपाईंको कामले तपाईंको परिवारमा कसरी सम्बन्ध राख्छ?
२ कोरिन्थी १२:१४; १ तिमोथी ५:४,८ : - तपाईंको परिवारको साँचो खाँचोलाई प्रवन्ध गर्न र तिनीहरूलाई वास्ता गर्न काम गर्नुहोस्।

तपाईंको सेवकाइले तपाईंको परिवारसँग कसरी सम्बन्ध राख्छ?
व्यवस्था ६:५-७ : - तपाईंको परिवारमा बाइबल अध्ययन गरी त्यसलाई छलफल गर्नुहोस् र त्यहाँ भएका सत्यताहरूलाई लागू गर्नुहोस्।
एफिसी ५:२२-२३ : - आफ्नो वैवाहिक सम्बन्धलाई उदाहरण हुने किसिमले विकास गर्दैलैजानुहोस्।
एफिसी ६:४ : - आफ्ना छोराछोरीहरूलाई प्रभुको तालिम र शिक्षामा हुर्काउनुहोस्; त्यसको मतलब तिनीहरूलाई बाइबलको ज्ञान दिएर त्यसको सत्यताहरूलाई जीवनमा लागू गर्न लगाउनु हो।
लूका २:५२ (एफिसी ६:१-४) : - तपाईंको छोराछोरीको जीवनको सबै महत्वपूर्ण क्षेत्रहरूलाई विकास गर्नुहोस्।
हितोपदेश २३:२२-२५ : - तपाईंको छोराछोरीलाई आज्ञाकारिता, आदर, सत्य, बुद्धि, धार्मिकताजस्ता कुराहरू सिकाउनुहोस्।

मर्कूस १०:२९-३० : - प्राथमिकता - येशू ख्रीष्टले तपाईंलाई छोटो वा लामो समयको निम्ति सेवा गर्न बोलावट दिनुहुँदा, उहाँप्रति आज्ञाकारी हुनुहोस्।
१ तिमोथी ३:४-५,१२ : - प्राथमिकता - तपाईंको मण्डलीको व्यवस्थापन अथवा अगुवापनभन्दा तपाईं परिवारलाई उचित किसिमले व्यवस्था गर्नु बढी महत्वपूर्ण हुन्छ।

३. के परमेश्वरले भन्नुहुने कुरा तपाईंको सेवकाइको लागि महत्वपूर्ण छ?

तपाईंको सेवकाइमा के कुरा महत्वपूर्ण छ?
मर्कूस १०:४५ : - सेवक बन्नु - जीवनको वास्तविक अर्थ भनेको येशू ख्रीष्टको खातिर मानिसहरूको सेवा गर्नु हो।

परमेश्वरसँगको तपाईंको व्यक्तिगत सम्बन्ध कसरी तपाईंको सेवकाइसँग सम्बन्धित छ?
यूहन्ना १५:५ : - प्राथमिकता - यशू ख्रीष्टसँग तपाईंले व्यक्तिगत सम्बन्ध विकास गर्नुहोस्। यसमा तपाईंको सेवकाइको गतिविधिहरूभन्दा ठूलो प्राथमिकता रहेको हुन्छ किनभने ख्रीष्टसँग व्यक्तिगत सम्बन्धबिना साँचो र रहिरहने फल फल्नेछैन।

मण्डलीभित्र तपाईंको सेवकाइ के हो?
यूहन्ना ४:२३-२४ : - सत्यता र आत्मामा परमेश्वरको आराधना गर्नुहोस्।
यूहन्ना १३:१४-१५ : - मानिसहरूको सेवा गरेर परमेश्वरको सेवा गर्नुहोस्; विशेष गरी अरू कसैले गर्न नचाहने वा गर्न नसक्ने काम तपाईंले गर्नुपर्दछ।
यूहन्ना १३:३४-३५ : - सम्बन्धहरूलाई विकास गर्नुहोस् किनभने यो विभिन्न गतिविधिहरू र कार्यक्रमहरू गर्नुभन्दा बढी महत्वपूर्ण हुन्छ।
एफिसी ४:१२-१६ : - चेलापन र सुसज्जिकरण - तपाईंको मण्डलीको सबै इसाईहरूलाई येशू ख्रीष्टको चेला बनाउनुहोस् र ख्रीष्टको शरीर निर्माण गर्नको निम्ति तिनीहरूलाई फरक-फरक किसिमको सेवा र सेवकाइको लागि सुसज्जित पार्नुहोस्।

मण्डलीभन्दा बाहिर तपाईंको सेवकाइ के हो?
२ कोरिन्थी २:१४-१६; ३:२-३ : - प्रभाव - तपाईं निरन्तर आफ्नो वरिपरिका मानिसहरूमा असल प्रभाव पार्ने व्यक्ति बन्नुहोस्।
मत्ती १०:३२-३३ : - गवाही दिनु - ख्रीष्टको गवाही दिनुहोस्, सुसमाचार प्रचार गर्नुहोस् र अरूहरूलाई बाइबलको सत्यताहरू सिकाउनुहोस्।
याकूब १:२७; २:१५-१७ : - दया देखाउनु - संसारमा भएका गरिब, शोषित, पीडित र अत्याचारमा परेकाहरूलाई दया देखाउने सेवकाइमा सहभागी हुनुहोस्।

४. परमेश्वरले भन्नुहुने कुरा के तपाईंको व्यक्तिगत विकासको लागि महत्वपूर्ण छ?

तपाईंको व्यक्तिगत विकासमा के कुरा अति महत्वपूर्ण छ?
मर्कूस ८:३४-३८ : - आफूलाई इन्कार गर्नु - हरेक दिन आफूलाई इन्कार गर्नुहोस् र आफ्नो क्रूस बोकेर ख्रीष्टलाई पछ्याउनुहोस्।
मर्कूस १२:३०-३१ : - प्रेम - परमेश्वरलाई, अरूहरूलाई र आफूलाई प्रेम गर्ने कुरामा बढ्दैजानुहोस्।
भजनसङ्ग्रह १०१:३; १४१:३-४ : - आँखा, मुख र हृदय - आफ्नो आँखा, मुख र हृदयलाई सुरक्षित राख्नुहोस्।

कसरी परमेश्वरले तपाईंको व्यक्तिगत विकाससँग सम्बन्ध राख्नुहुन्छ?
भजनसङ्ग्रह १६:२; ७३:२५ : - आत्मिक हित : परमेश्वरभन्दा बाहेक कुनै कुराको चाहना नगर्नुहोस्।
१ तिमोथी ४:७-८ : - आत्मिक हित : शारीरिक तालिम (खेलकुद, शारीरिक अभ्यास) भन्दा ईश्वरभक्तिमा तालिम पाउनु बढी महत्वपूर्ण हुन्छ।
एफिसी ५:२ : - भावनात्मक हित : प्रेममा हिँड्नुहोस्।
भजनसङ्ग्रह ३४:१८ : - भावनात्मक हित : परमेश्वरलाई तपाईंको तोडिएको अवस्थालाई वास्ता गर्न दिनुहोस् (जीवनको चोटहरू, कमजोरीहरू, असफलताहरू र नोक्सानीहरू)
हितोपदेश ९:१० : - बौद्धिक हित : परमेश्वरको ज्ञान र परमेश्वरमा भरोसा राख्नु भनेको बुद्धि र समझको सुरुवात हो।
हितोपदेश ३:५-६ (एफिसी ५:१०,१७) : - बौद्धिक हित : के कुराले परमेश्वरलाई प्रसन्न तुल्याउँछ, त्यो पत्ता लगाउनुहोस्।
१ कोरिन्थी ६:१९-२० : - शारीरिक हित : तपाईंको शरीर, स्वास्थ, तन्दुरुस्ती र रूपरङ्गले परमेश्वरलाई आदर गर्नुहोस्।

१ कोरिन्थी १५:३३ : - सामाजिक हित : खराब सङ्गतबाट टाढा रहनुहोस् किनभने यसले असल चरित्रलाई भ्रष्ट बनाउँछ।
१ पत्रुस २:११ : - नैतिक हित : पापपूर्ण अभिलाषाबाट अलग रहनुहोस् किनभने तिनीहरूले प्राणको विरुद्धमा युद्ध गर्दछ।
प्रस्थान ३१:३-५ : - क्षमताहरू : परमेश्वरले दिनुभएको क्षमता र वरदानहरूलाई विकास गर्नुहोस् र सृजनशील हुनुहोस्।
एफिसी ५:१५-१६ (मत्ती २५:१५) : - अवसरहरू (चुनौतिहरू) : परमेश्वरले दिनुभएको अवसरहरूलाई असल किसिमले प्रयोग गर्नुहोस्।
रोमी ५:३-५ (याकूब १:२-४) : - जाँच र दु:ख-कष्टहरू : आफ्नो चरित्र विकास गर्नुहोस्।

तपाईंको सेवकाइले कसरी तपाईंको व्यक्तिगत विकाससँग सम्बन्ध राख्छ?
लूका १६:१० : - जो थोरै कुरामा विश्वासयोग्य र भरोसायोग्य हुन्छ, त्यो धेरै कुरामा विश्वासयोग्य र भरोसायोग्य हुनेछ।
२ कोरिन्थी १०:१८; फिलिप्पी २:२२ : - तपाईंलाई तोकिएका कामहरू जाँचिएका छन्। जब मञ्जुर गरिन्छ, तब तपाईंलाई आज्ञा दिइन्छ।

तपाईंको कामले कसरी तपाईंको व्यक्तिगत विकाससँग सम्बन्ध राख्छ?
हितोपदेश १२:३ : - हल्लाउन नसकिने - दुष्टलाई (भ्रष्टलाई) स्थापित गर्न सकिँदैन र धार्मिकको जरा उखेल्न सकिँदैन्।

तपाईंको परिवारले कसरी तपाईंको व्यक्तिगत विकाससँग सम्बन्ध राख्छ?
हितोपदेश १५:२२; १९:२० : - बुद्धि : परिवारसँग सर-सल्लाह माग्नुहोस् र उनीहरूको सल्लाहलाई ध्यान दिनुहोस्।


५. परमेश्वरसँग तपाईंको व्यक्तिगत सम्बन्ध महत्वपूर्ण छ भन्नेबारेमा परमेश्वर के भन्नुहुन्छ?

यूहन्ना १५:५-८; प्रकाश २:४-५ : - ख्रीष्ट - ख्रीष्टलाई पहिलो स्थानमा राख्नुहोस् र उहाँमा रहिरहनुहोस्। अरू सबै थोक असफल हुनेछन्!
कलस्सी २:६-७ : - आज्ञाकारित - इसाईजस्तो गरी जिउनुहोस् र इसाईजस्तो गरी बढ्नुहोस्।
कलस्सी ३:१६; मत्ती ७:२४-२७ : - वचन - परमेश्वरको वचन प्रशस्तसँग प्राप्त गर्नुहोस् र यसलाई परिश्रमका साथ लागू गर्नुहोस्।
मत्ती ७:७-८ : - प्रार्थना - प्रार्थना गर्न कहिल्यै नरोकिनुहोस्।
हिब्रू १०:२४-२५ : - सङ्गति - सङ्गति गर्न र सिक्नको लागि अरू इसाईहरूसँग नियमितरूपमा भेट्ने गर्नुहोस्।
यूहन्ना १५:१६ : - फल फलाउनु - अरू मानिसहरूका जीवनमा ख्रीष्टको लागि फल फलाउने काममा चासो लिनुहोस्।

६. परमेश्वर जीवनको हेरक क्षेत्रमा उच्च प्राथमिकतामा पर्नुहुन्छ

मत्ती ४:१० पढ्नुहोस्। परमेश्वरको आराधना गर्नुहोस् र केवल उहाँको सेवा गर्नुहोस्। माथि चर्चा गरिएका सबै बाइबल खण्डहरूले तपाईंको जीवनको हरेक क्षेत्रमा परमेश्वरलाई केन्द्रमा राख्नुपर्छ भनी उहाँले तपाईंलाई देखाउन चाहनुहुन्छ! तपाईंको जीवनको हरेक क्षेत्रमा स्थायी प्राथमिकता भनेको केवल परमेश्वर हुनुहुन्छ! त्यसकारण, तपाईंको जीवन, समय र शक्तिलाई तपाईंले के दिनुहुन्छ भनी कुनै प्राथमिकताको सूचीले निर्धारण गर्नुहुँदैन। स्वयम् परमेश्वरले कुनै विशेष अवस्थामा तपाईंले आफ्नो जीवन, समय र शक्तिलाई के दिनुहुन्छ भन्ने कुरा निर्धारण गर्नुहुन्छ। परमेश्वरले पवित्र आत्माद्वारा तपाईंको हृदयमा वास गर्नुभएर तपाईंको जीवनमाथि शासन गर्न चाहनुहुन्छ।

परमेश्वर तपाईंको जीवनको हरेक क्षेत्रको सार्वभौम राजा हुनुहुन्छ! अरू कुनै प्राथमिकताको सूचीले होइन तर स्वयम् परमेश्वरले तपाईंले आफ्नो जीवन, तपाईंको समय र तपाईंको शक्तिलाई हरेक दिन दिनुहुने कुरा निर्धारण गर्नुपर्छ!



७. हरेक कुराको निम्ति समय छ

तपाईंको जीवनमा प्राथमिकताको यी पाँच क्षेत्रहरू र अरू अत्यन्त जरुरी कुराहरूको बीचमा कसरी तपाईंले सही सन्तुलन कायम राख्नुहुन्छ?

- **क्रियाकलापहरू र समय**

तपाईंको सबै क्रियाकलापहरू र तपाईंको समयबीचको सम्बन्धलाई बाइबलले कसरी हेर्दछ?
उपदेशक ३:१-८; ८:५-६ पढ्नुहोस्।
टिप्पणी - हरेक कुराको निम्ति समय छ!
तपाईंले जीवनको सबै महत्वपूर्ण क्षेत्रहरूलाई सही किसिमले समय र ध्यान दिनुहुन्छ भन्ने कुरामा पक्का हुनुहोस्!

- **परमेश्वरले तपाईंको लागि तोकिदिनुभएको कामलाई पूरा गर्नु**

तपाईंको काम पूरा गर्ने बारेमा बाइबलले के सिकाउँछ?
यी खण्डहरू पढ्नुहोस्:

- २ तिमोथी ४:७ (प्रेरित २२:१०: २०:२४) - पावल;
- कलस्सी ४:१७ (मर्कूस १३:३४; १ कोरिन्थी ३:५; एफिसी ६:१३) - इसाईहरू;
- यूहन्ना १७:४ (मर्कूस १:३५) - येशू

टिप्पणी -

- **पावल -** तिनले प्रभु येशूले दिनुभएको काम पूरा गरे।
- **इसाईहरू -** प्रत्येक इसाईलाई परमेश्वरले काम तोकिदिनुभएको छ। उहाँले दिनुभएको काम गरेर सिद्ध्याउन उहाँले सबै इसाईहरूलाई दिनमा २४ घण्टा दिनुभएको छ। यो कसरी गर्न सकिन्छ त?
- **येशू -** येशूले हरेक बिरामीलाई निको पार्नुभएन र पूरा संसारमा सुसमाचार प्रचार गर्नुभएन, तैपनि परमेश्वरले उहाँलाई दिनुभएको काम पूरा गर्नुभयो। येशूले यो काम कसरी गर्नुभयो?

हरेक दिन सकाउनुपर्ने कामहरूको सूची येशूसँग थिएन। उहाँले सधैँ ने परमेश्वरको कामहरू पूरा गर्नको लागि उहाँको निर्देशन र शक्ति पाउन प्रार्थना गरेर प्रतिक्षा गर्नुहुन्थ्यो। परमेश्वरसँगको दैनिक सङ्गतिमा उहाँले अति आवश्यक भनेर दबाब दिइएका

कुराहरू र साँच्चै नै महत्वपूर्ण कुराहरूबीचको भिन्नतालाई छुट्ट्याउन सिक्नुभयो। अनि उहाँले ती अति आवश्यक भनी जबरजस्ती लादिएका कामहरूलाई रोकेर महत्वपूर्ण कामहरूलाई पूरा गर्नुभयो।

५	**प्रार्थना** (८ मिनेट) **[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

११. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्धता जनाउनुहोस्। 'इसाई आत्म-सम्मान'को बारेमा अर्को व्यक्तिलाई अथवा मानसिहरूको समूहमा प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा अध्ययन गर्नुहोस्।

१२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन एक अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (प्रेरित १८:१८-२१:४०)। पढेको खण्डबाट आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

१३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। एफिसी ५:२२-२३ विषय: इसाई विवाहलाई के कुराले चित्रण गर्छ? बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

१४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

१५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।